# नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावनाः नागरिक उड्डयन सेवालाई सुरक्षित, नियमित, स्तरीय र भरपर्दो बनाई प्रभावकारी नियमनको माध्यमबाट अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप नेपालको नागरिक उड्डयनको विकास तथा विस्तार गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी काननूलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद– १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेस)" भन्नाले कुनै वायुयान उडान गर्ने योग्यताका लागि तोकिएका आवश्यक शर्त अनुसार रहेको प्रमाणित गर्ने प्रमाणपत्र सम्झनु पर्छ ।

(ग) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालन तथा सोसँग सम्बन्धित उड्डयन क्रियाकलापसँग सम्बद्ध जोखिमलाई स्वीकार्य तहमा न्यूनीकरण र नियन्त्रण गरिएको अवस्था सम्झनु पर्छ ।

(घ) "एयर नेभिगेशन सेवा" भन्नाले हवाई उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने हवाई ट्राफिक व्यवस्थापन सेवा सम्झनु पर्छ र सो शब्दले हवाई सञ्चार, हवाई पथ प्रदर्शन, निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा र हवाई सूचना सेवा समेतलाई जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्राधिकरण" भन्नाले दफा ४ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(ज) "महानिर्देशक" भन्नाले दफा ३४ बमोजिम नियुक्त प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(झ) “वायु यान” भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थीर वा चलायमान हुन सक्ने वा उड्न सक्ने जुनसुकै यन्त्र, यान वा उपकरण सम्झनु पर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको बेलुन, हवाईजहाज, हेलिकप्टर, ड्रोन, ग्लाइडर, माइक्रोलाइट र अन्य यस्तै प्रकृतिका मानवसहित वा मानवरहित उड्ने जुनसुकै यन्त्र समेतलाई जनाउँछ ।

(ञ) “वायु सेवा” भन्नाले हवाई यातायात सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी वा संस्थाले यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने सेवा सम्झनु पर्छ।

(ट) “वायुसेवा सञ्चालन प्रमाणपत्र” भन्नाले वायुसेवा सञ्चालकलाई निर्दिष्ट व्यवसायिक हवाई यातायात सञ्चालन गर्नको लागि प्राधिकरणबाट जारी गरिएको प्रमाणपत्र सम्झनु पर्छ ।

(ठ) “विमानस्थल” भन्नाले वायुयानको आगमन, उडान तथा सतहमा गुड्न धावनको लागि पूर्ण वा आंशिक रुपमा प्रयोग हुने भू-सतह वा जलक्षेत्र वा त्यस्तो भू-सतहमा जडिएको कुनै भवन, संरचना वा उपकरण भए सो समेतले ओगटेको निर्दिष्ट क्षेत्र सम्झनु पर्छ ।

(ड) “विमानस्थल क्षेत्र” भन्नाले विमानस्थल वा हवाई उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदान प्रदान गर्ने कामको लागि कुनै यन्त्र वा सञ्चार वा उड्डयन सहाय उपकरण (नेभिगेसन एड) जडान भएका वा नभएका कुनै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा र घाट सम्झनु पर्छ ।

(ढ) “संगठन” भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइ. सि. ए. ओ.) सम्झनु पर्छ ।

(ण) ”सदस्य” भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(त) “सदस्य राष्ट्र” भन्नाले संगठनको सदस्यता प्राप्त गरेको राष्ट्र सम्झनु पर्छ।

(थ) “समिति” भन्नाले दफा ७ बमोजिम गठन भएको प्राधिकरणको संचालक समिति सम्झनु पर्छ ।

(द) “हवाई सुरक्षा” भन्नाले गैरकानूनी हस्तक्षेपजन्य कार्य हुन नदिन नागरिक उड्डयनको सुरक्षा गर्ने उद्देश्यले अबलम्वन गरिएका उपायहरु सम्झनु पर्छ ।

(ध) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरणको लागि निर्धारित स्थान सम्झनु पर्छ ।

३. ऐन लागू नहुने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन।

## परिच्छेद–२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

४. प्राधिकरणको स्थापनाः (१) नागरिक उड्डयन सम्बन्धी सेवा प्रदायक संस्थाहरुको नियमनकारी निकायको रुपमा कार्य गर्ने प्रयोजनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा "सिभिल एभिएशन अथोरिटी अफ नेपाल" र छोटकरीमा "सि.ए.ए.नेपाल" भनिनेछ ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

५. प्राधिकरण स्वशासित संगठित संस्था हुनेः (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. प्राधिकरणको काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हवाई सेवा सञ्चालनको लागि वायुसेवा सञ्चालन प्रमाणपत्र जारी गर्ने,

(ख) वायुयानलाई टाइप प्रमाणपत्र जारी गर्ने वा टाइप प्रमाणपत्रको मान्यतापत्र प्रदान गर्ने,

(ग) वायुयान दर्ता गर्ने, दर्ता चिन्ह तथा राष्ट्रिय चिन्ह प्रदान गर्ने,

(घ) वायुयान उडान योग्यताको प्रमाणपत्र जारी गर्ने,

(ङ) अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्यारାग्लाइडिङ्ग, ह्याङ्गग्लाइडिङ्ग जस्ता मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सञ्चालनका लागि प्रमाणपत्र जारी गर्ने,

(च) एयर नेभिगेशन सेवा सञ्चालन प्रमाणपत्र जारी गर्ने,

(छ) नागरिक उड्डयन सम्बन्धी तालीम प्रदायक संस्थालाई सञ्चालन प्रमाणपत्र जारी गर्ने,

(ज) वायुयान निर्माण तथा मर्मत संभार गर्ने, वायुयानको पार्टपूर्जा बनाउने, वायुयानको निरीक्षण (इन्सपेक्सन) गर्ने, वायुयानको विस्तृत मर्मत (ओभरहल) गर्ने लगायतका कार्य गर्ने संस्थालाई प्रमाणपत्र जारी गर्ने,

(झ) वायुयान, त्यसका उपकरण वा पार्टपुर्जा पैठारी गर्ने, संचय गर्ने, विक्री, वितरण गर्ने संस्थालाई प्रमाणपत्र जारी गर्ने,

(ञ) विदेशी वायुसेवा कम्पनीलाई नेपालमा व्यवसायिक उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा सञ्चालन प्रमाणपत्र जारी गर्ने,

(ट) अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता, दक्षता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने र अन्य मुलुकबाट जारी गरिएका त्यस्ता इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्रलाई मान्यता प्रदान गर्ने,

(ठ) एयर ट्राफिक सेवा, उड्डयन सूचना सेवा, वायुयान खोज तथा उद्धार सेवा, अग्नि निवारण र जीवन उद्धार सेवा तथा उड्डयन मौसमी सूचना सेवाको स्तर तथा मापदण्ड निर्धारण र नियमन गर्ने,

(ड) उड्डयन सञ्चार, हवाई पथ प्रदर्शन, निगरानी लगायत हवाई यातायात तथा विमानस्थल सञ्चालनसँग सम्बन्धित सेवा, सुविधामा प्रयोग हुने यन्त्र, उपकरणको जडान, सञ्चालन तथा मर्मत, सम्भार कार्यको आवश्यकता अनुसार नियमन गर्ने,

(ढ) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण विधि प्राधिकरणबाट स्वीकृत शर्त र मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा नियमन गर्ने,

(ण) मानव रहित वायुयान तथा बेलुन, प्याराग्लाइड, प्यारासुट लगायतका यन्त्ररहित उड्ने वस्तुका लागि उडानका शर्त निर्धारण र नियमन गर्ने,

(त) नागरिक उड्डयनमा प्रयोग गरिने मापन इकाई तोक्ने, नेपालको भू-भाग तथा हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने चिन्ह (सिग्नल) तोक्ने र सोको मापदण्ड निर्धारण गर्ने,

(थ) विमानस्थलमा प्रदान गरिने सेवा, सुविधाको स्तर निर्धारण गर्ने र सुपरीवेक्षण गर्ने,

(द) नेपालमा दर्ता भएका वायुयान र नेपालको भू-भाग तथा हवाई क्षेत्रमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा हानिकारक ग्याँस उत्सर्जन सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने,

(ध) तोकिए बमोजिमका खतराजन्य वस्तुहरु वायुयानबाट ओसारपसार गर्ने सम्बन्धमा शर्तहरु तोक्ने,

न) हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल संचालक, वायुसेवा संचालक तथा अन्य सेवा प्रदायकको सुरक्षा सुपरीवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,

(प) एरोनटिकल सर्भेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्ता सर्भेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण प्रमाणित गर्ने,

(फ) नागरिक उड्डयनको क्षेत्रमा काम गर्ने तोकिएको जनशक्तिको लागि योग्यता र कार्य समयका शर्तहरु निर्धारण गर्ने र सोको नियमन गर्ने,

(ब) नेपाल पक्ष भएको नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सो महासन्धि अन्तर्गत तथा संगठनबाट जारी मापदण्ड तथा सिफारिस (स्टयाण्डर्ड एण्ड रिकमेण्डेड प्राक्टिसेज), दिग्दर्शन (म्यानुअल), मार्गदर्शन र परिपत्र (सर्कुलर) कार्यान्वयन गर्ने वा गराउने,

(भ) विभिन्न मुलुकका नागरिक उड्डयन नियामक निकाय बीच हुने उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी जिम्मेवारी आदान प्रदान गर्ने,

(म) नागरिक उड्डयनसँग सम्बन्धित अन्तर्राष्ट्रिय, क्षेत्रीय संघ संस्था तथा सदस्य राष्ट्रका नागरिक उड्डयन नियामक निकायसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने,

(य) संगठनबाट उड्डयन सुरक्षा प्रवर्द्धनका लागि तर्जुमा गरिने नीति, योजना निर्माणमा सहभागी हुने तथा त्यस्ता नीति, योजनाको कार्यान्वयन गर्ने वा गराउने,

(र) नागरिक उड्डयनसँग सम्बन्धित नीतिगत विषयमा मन्त्रालयलाई आवश्यकता अनुसार सुझाव दिने,

(ल) हवाई यात्रुहरूको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सेवा तथा सुरक्षा, वायुयानको सुरक्षा, हवाई सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसँग सम्बन्धित व्यक्ति तथा उपकरणको सुरक्षा व्यवस्थापनको लागि सम्बन्धित सेवा प्रदायक संस्था, अन्य निकाय वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(व) नेपाल सरकार वा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने,

(श) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद–३

## सञ्चालक समिति

७. समितिको गठनः (१) प्राधिकरणको काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ :-

(क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नागरिक उड्डयनको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना -अध्यक्ष

(ख) सह-सचिव, मन्त्रालय -सदस्य

(ग) सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) नागरिक उड्डयनको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका विज्ञहरु मध्येबाट नेपाल सरकारले मनोनयन गरेको

एक जना -सदस्य

(ङ) महानिर्देशक, प्राधिकरण -सदस्य-सचिव।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि नियुक्त वा मनोनयन हुन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (घ) बमोजिमका सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, प्राधिकरणको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराव आचरण देखिएमा नेपाल सरकारले निजलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको अध्यक्ष तथा सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ।

८. <u>सदस्यको अयोग्यता तथा पद रिक्त हुने अवस्था:</u> (१) देहायको व्यक्ति सदस्य पदमा नियुक्त वा मनोनयन हुन अयोग्य हुनेछः–

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको वा कुनै कसुरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूची वा साहूको दामासाहीमा परेको,

(घ) मानसिक सन्तुलन ठिक नभएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको, वा

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य सेवा प्रदायक संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको ।

(२) देहायको अवस्थामा दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त र खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजमा उपदफा (१) बमोजिमको अयोग्यता भएमा,

(घ) निजलाई दफा ७ को उपदफा (३) बमोजिम हटाइएमा,

(ङ) विना सूचना समितिको तीन वटा बैठकमा लगातार अनुपस्थित भएमा, वा

(च) निजको मृत्यु भएमा ।

९. समितिको बैठक र निर्णयः (१) समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहित बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सदस्य सचिवले समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(८) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिए बापत अध्यक्ष र सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नागरिक उड्डयन सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने,

(ख) प्राधिकरणको सांगठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ग) प्राधिकरणको वित्तीय स्रोत परिचालन र लगानी नीति स्वीकृत गर्ने,

(घ) प्राधिकरणको कर्मचारी तथा आर्थिक प्रशासन र खरीद सम्बन्धी नियम तर्जुमा गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्ने,

(ङ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई लागू गर्ने वा गराउने,

(च) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(छ) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(ज) प्राधिकरणको स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(झ) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने,

(ञ) प्राधिकरणको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन महानिर्देशकलाई आवश्यक निर्देशन दिने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने ।

११. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार तथा सुविधाः</u> (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकमा छलफल गरिने विषयको प्राथमिकता निर्धारण गर्ने,

(ग) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) प्राधिकरणको कामकारबाही व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्न आवश्यक निर्देशन दिने,

(ङ) समितिको निर्णय कार्यान्वयन गर्न महानिर्देशकलाई निर्देशन दिने।

(२) नेपाल सरकारबाट नियुक्त अध्यक्षको सुविधा तोकिए बमोजिम हुनेछ।

परिच्छेद-४

<u>वायुसेवा सञ्चालन</u>

१२. <u>वायु सेवा सञ्चालन प्रमाणपत्र लिनु पर्ने</u> : (१) कसैले नेपालमा व्यवसायिक रुपमा वायु सेवा सञ्चालन गर्न चाहेमा प्राधिकरणबाट वायु सेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर्स सर्टिफिकेट) लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. <u>उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनु पर्ने</u> : (१) कसैले वायुयान निर्माण तथा मर्मत, सम्भार गर्ने, वायुयान वा सोको पार्ट पुर्जा बिक्री गर्ने, उड्डयन सम्बन्धी तालीम दिने वा अन्य कुनै किसिमको नागरिक उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन गर्न प्राधिकरणबाट उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र लिनु पर्नेछ ।

तर मान्यताप्राप्त कुनै प्राविधिक शिक्षण संस्थाको प्रत्यक्ष निगरानीमा अनुसन्धान, खोज तथा विकासका लागि वायुयान निर्माण सम्बन्धी कार्य गर्न यस उपदफाको व्यवस्थाले कुनै बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र जारी गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. <u>प्रमाणपत्र निलम्बन वा रद्द गर्न सक्ने</u> : दफा १२ वा १३ बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्राधिकरणबाट जारी आदेश वा प्रमाणपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा प्राधिकरणले तोकिए बमोजिम प्रमाणपत्र निलम्बन वा रद्द गर्न सक्नेछ।

तर प्रमाणपत्र निलम्बन वा रद्द गर्नु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१५. <u>उडान गर्दा कागजात साथमा राख्नु पर्ने</u>: नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा (लिज) मा सञ्चालन गरेका वायुयानले उडान गर्दा देहायका कागजात साथमा राख्नु पर्नेछः-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यता प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका (लग बुक),

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र,

(च) यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान र गन्तव्यस्थल खुल्ने कागजात,

(छ) कार्गो बाहक वायुयान भएमा कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(ज) खतराजन्य वस्तुको ओसारपसार गर्ने भए सो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात,

(झ) वायुयान तथा उडान सञ्चालन सम्बन्धी कार्यविधि ।

१६. <u>उड्डयन सुरक्षा व्यवस्थापन</u>: नेपालमा अवलम्बन गरिने राष्ट्रिय उड्डयन सुरक्षा कार्यक्रम तथा उड्डयन सुरक्षा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. <u>वायुयानको उडान सुरक्षा</u>: (१) उडानरत वायुयानको उड्डयन तथा हवाई सुरक्षाको लागि सामान्यतयाः प्रमुख चालक जिम्मेवार हुनेछ र निजलाई सो अवधिभर उड्डयन तथा हवाई सुरक्षा सुनिश्चितताको लागि आवश्यक कदम चाल्ने अधिकार हुनेछ ।

(२) वायुयान उडान गर्न सबै दृष्टिले सुरक्षित रहेको छ भन्ने कुरामा वायुयानको प्रमुख चालक विश्वस्त भए पछि मात्र वायुयानको उडान गर्नु पर्नेछ ।

(३) वायुयानभित्र रहेका यात्रुले चालक दलका सदस्यले दिएको निर्देशनको पालना गर्नु पर्नेछ र कसैले वायुयान, यात्रु वा चालक दलका सदस्यलाई खतरा पुग्ने कुनै किसिमको कार्य गर्नु हुँदैन।

(४) नेपालमा दर्ता भएको वा नेपालको हवाई क्षेत्रमा उडान गरिरहेको वायुयानभित्र रहेको कुनै व्यक्तिले वायुयान भित्रको शान्ति व्यवस्था र अनुशासनमा खलल पुग्न सक्ने कार्य गरेको वा गर्न लागेको विश्वास गर्न सकिने आधार तथा कारण भएमा वा उडानमा रहेको समयमा प्रचलित कानून बमोजिम फौजदारी अपराध ठहरिने कुनै कार्य गरेको वा गर्न लागेको भन्ने प्रमुख चालकलाई लागेमा निजले त्यस्तो व्यक्तिलाई नियन्त्रणमा लिन वा वायुयानबाट ओराल्ने लगायतका उपयुक्त उपाय अवलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको कार्य गर्दा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम गर्नु पर्नेछ ।

१८. खतराजनक तबरले वायुयान उडाउन नहुनेः कुनै वायुयान वा त्यसमा सवार व्यक्ति तथा यात्रुहरु वा अन्य वायुयान वा जमिनमा रहेका व्यक्ति वा भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पर्न सक्ने गरी कसैले वायुयान उडाउन हुँदैन ।

१९. अनुमति नलिई चालक रहित वायुयान सञ्चालन गर्न नहुनेः कसैले पनि अनुमति नलिई नेपालको हवाई क्षेत्रमा चालक रहित वायुयानको सञ्चालन तथा उडान गर्नु वा गराउनु हुँदैन ।

## परिच्छेद-५

## वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह

२०. दर्ता नभएको वायुयान उडाउन नहुनेः कुनै पनि मुलुकमा दर्ता नभएको वायुयान नेपालमा उडाउन हुँदैन।

२१. वायुयानको दर्ताः (१) नेपालमा वायुयान दर्ताको लागि सम्बन्धित व्यक्ति वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको कागजात संलग्न गरी प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन र संलग्न कागजात जाँचबुझ गर्दा तोकिए बमोजिमको शर्त पूरा गरेको देखिएमा प्राधिकरणले तोकिए बमोजिम वायुयान दर्ता गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकमा दर्ता भइरहेको वायुयानलाई नेपालमा दर्ता गरिने छैन ।

तर अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई नेपालमा दर्ता गर्न सकिनेछ।

(४) नेपालमा सञ्चालन हुने वायुयानमा स्पष्ट देखिने गरी दर्ता नम्बर अंकित गरेको हुनु पर्नेछ ।

(५) यस दफा बमोजिम वायुयान दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. वायुयानको दर्ता नामसारी तथा दर्ता परिवर्तनः वायुयानको दर्ता नामसारी तथा दर्ता परिवर्तन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. वायुयानको दर्ता खारेजः (१) प्राधिकरणले नेपालमा दर्ता रहेको वायुयानको दर्ता देहायको अवस्थामा खारेज गर्न सक्नेछः-

(क) वायुयान दुर्घटनामा परी वा अन्य प्राविधिक कारणले मर्मत हुन नसक्ने गरी नासिएमा वा बिग्रीएमा

(ख) वायुयान बिक्री गरी वा अन्य कुनै कारणबाट नेपाल बाहिर पठाउनु पर्ने भएमा।

(२) वायुयानको दर्ता खारेज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. राष्ट्रिय चिन्ह अंकित भएको वायुयानमात्र उडाउन पाइने : (१) वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अंकित भएको वायुयानमात्र नेपालको हवाई क्षेत्रमा उडान गर्न पाइनेछ ।

(२) वायुयानको राष्ट्रिय चिन्ह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. आपसी समझदारीमा नियमन हुन सक्ने: (१) विदेशी राष्ट्रमा दर्ता भएको वायुयान नेपालमा भाडामा ल्याई सञ्चालन गर्दा वा नेपालमा दर्ता भएको वायुयान विदेशमा भाडामा सञ्चालन गर्दा वायुयान दर्ता रहेको राष्ट्रमा निहित सञ्चालन तथा प्राविधिक नियमनको जिम्मेवारी प्राधिकरण तथा सम्बन्धित सदस्य राष्ट्रको नागरिक उड्डयन नियामक निकाय बीच आपसी समझदारीको आधारमा गर्न वा गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीमा हुने नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. टाइप प्रमाणपत्र: (१) नेपालमा दर्ता नभएको कुनै किसिमको वायुयानको टाइप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माताले टाइप प्रमाणपत्रको लागि प्राधिकरणमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वायुयानको टाइप प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## उडान योग्यता (एयरवर्दिनेश)

२७. वायुयानको उडान योग्यता: (१) उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) प्राप्त नगरेको कुनै पनि वायुयान नेपालको हवाई क्षेत्रमा उडान गर्नु वा गराउनु हुँदैन।

तर परीक्षण उडान वा पोजिसन फ्लाइटको हकमा महानिर्देशकले तोकिए बमोजिम पटके उडान अनुमति जारी गर्न सक्नेछ।

(२) नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र महानिर्देशकले तोकिए बमोजिम जारी गर्नेछ ।

(३) उडान योग्यताको प्रमाणपत्र प्राप्त नगरी वा उडान योग्यताको प्रमाणपत्रको म्याद समाप्त भएको कुनै वायुयान नेपालभित्र उडान गरेमा महानिर्देशक वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो वायुयानलाई तत्काल नियन्त्रणमा लिई आवश्यक कारवाही गर्नु पर्नेछ।

(४) वायुयानको उडान योग्यताको स्तर, प्रमाणपत्र, प्रमाणपत्रको अवधि र वायुयानको उडान योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. उडान योग्यताको प्रमाणपत्र निलम्बन तथा रद्दः (१) यस ऐन बमोजिम जारी गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त वा नागरिक उड्डयन सम्बन्धी प्रचलित कानून वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी आदेश उल्लङ्घन गरी वायुयान उडान गरेमा महानिर्देशकले तोकिए बमोजिम वायुयानको उडान योग्यता प्रमाणपत्र निलम्बन वा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उडान योग्यताको प्रमाणपत्र निलम्बन वा खारेज गर्नु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

परिच्छेद-७

वायुयानको मर्मत तथा सम्भार

२९. मर्मत, सम्भार नगरी उडान तथा सञ्चालन गर्न नहुनेः वायुयानको उडान योग्यताको प्रमाणपत्रमा उल्लेख गरिए बमोजिम वायुयान, वायुयानको इन्जिन तथा अन्य पार्टपूर्जाहरुको अनुमतिप्राप्त मर्मत, सम्भार गर्ने संस्थाबाट मर्मत, सम्भार नगरी वायुयान उडान तथा सञ्चालन गर्नु हुँदैन।

३०. उडान अघि वायुयानको नियमित परीक्षण गर्नु पर्नेः (१) कुनै पनि वायुयान उडान गर्नु अघि वायुयान उडान तथा सञ्चालनको लागि आवश्यक पर्ने सबै यन्त्र तथा सामान प्राधिकरणबाट अधिकार प्राप्त प्राविधिकबाट परीक्षण वा जाँच गराई उडानयोग्य भएको प्रमाणित भए पछि मात्र वायुयानको उडान गर्नु पर्नेछ।

(२) वायुयानको मर्मत, सम्भार तथा परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-८

व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र

३१. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र : (१) महानिर्देशकले व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र तोकिए बमोजिम जारी गर्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र र तत्सम्बन्धी आवश्यक मान्यता प्राप्त नगरी कसैले पनि देहायको काम गर्नु वा गराउनु हुदैंनः-

(क) वायुयानको उडान सञ्चालन,

(ख) वायुयानको मर्मत, सम्भार,

(ग) फ्लाइट डिस्प्याचिङ,

(घ) एयर ट्राफिक कन्ट्रोल,

(ङ) सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार ।

(३) उपदफा (१) बमोजिमको व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा रद्द गर्न सक्ने : (१) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र प्राप्त कुनै व्यक्तिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा सो अन्तर्गत जारी भएको आदेश विपरीत कुनै काम कारवाही गरेको पाइएमा महानिर्देशकले निजले प्राप्त गरेको इजाजतपत्र वा प्रमाणपत्र कुनै निश्चित समयको लागि निलम्बन वा रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(३) व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र निलम्बन वा रद्द गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्थाः व्यक्तिगत इजाजतपत्र वा प्रमाणपत्रको मान्यतापत्र स्वीकृतिको लागि आवश्यक योग्यता, परीक्षा, स्वास्थ्य परीक्षण तथा मान्यता अवधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

## महानिर्देशक तथा कर्मचारी

३४. महानिर्देशकः (१) प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न प्राधिकरणको सेवामा वहाल रहेको वरिष्ठतम् अधिकृत कर्मचारी वा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र नागरिक उड्डयनको क्षेत्रमा कम्तीमा दश वर्ष कार्य अनुभव भएको व्यक्तिलाई नेपाल सरकारले महानिर्देशकको पदमा नियुक्त गर्नेछ।

(२) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्त हुन सक्नेछ ।

(३) महानिर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई उपदफा (२) बमोजिमको पदावधि पूरा हुनु अगावै पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, प्राधिकरणको हित वा उद्देश्य विपरित हुने गरी काम कारवाही गरेमा, पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखिएमा,

(ख) प्राधिकरणसँगको कारोवार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको देखिएमा, वा

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरेको नपाइएमा।

(५) उपदफा (४) बमोजिम महानिर्देशकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) दफा ८ बमोजिमको अवस्था रहेमा महानिर्देशक आफ्नो पदमा बहाल रहन सक्ने छैन।

३५. <u>महानिर्देशकको काम, कर्तव्य र अधिकारः</u> महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण र सुपरीवेक्षण गर्ने वा गराउने,

(घ) प्राधिकरणको सम्पत्तिको रेखदेख, व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम र आय तथा व्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(ज) संगठनबाट ग्रहण गरिएका मापदण्ड तथा सिफारिसहरु (स्टयाण्डर्डस एण्ड रिकमेण्डेड प्राक्टिसेज), म्यानुअल तथा मार्गदर्शन बमोजिम आवश्यकता अनुसार आवश्यक शर्तहरू (रिक्वायरमेण्ट्स), निर्देशिका, दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) र आदेश जारी गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(झ) यो ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र, अनुमति, मान्यतापत्र वा अधिकारपत्र प्राप्त व्यक्ति वा संस्थाको सुरक्षा सुपरीवेक्षण (सेफ्टी ओभरसाइट) गर्ने र सोको लागि आवश्यक अधिकार सहित निरीक्षक नियुक्त गर्ने,

(ञ) नेपालमा सञ्चालन हुने विदेशी वायु सेवाको उडान सुरक्षा सुपरीवेक्षण सम्बन्धी कार्य गर्ने वा गराउने,

(ट) उड्डयन सुरक्षामा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने कुनै अवस्थाको छानविन गर्ने, सुरक्षाको लागि सिफारिस गर्ने र तत्सम्बन्धमा आवश्यक कारवाही गर्ने,

(ठ) यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र, अनुमति, मान्यतापत्र वा अधिकारपत्र बाहकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, आवश्यक शर्तहरू (रिक्वायरमेण्ट्स), निर्देशिका, दिग्दर्शन (म्यानुअल), परिपत्र (सर्कुलर) तथा आदेशको उल्लङ्घन गरी उडान सुरक्षामा प्रतिकूल असर पार्ने कार्य गरेको पाइएमा त्यस्तो इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र, अनुमति, मान्यतापत्र वा अधिकारपत्र बमोजिमको कुनै वा सबै अधिकार प्रयोगमा रोक लगाउने,

(ड) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन उडान सुरक्षाको दृष्टिले उपयुक्त रहे वा नरहेको सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गर्ने,

(ढ) हवाई सुरक्षाको उपयुक्त अधिकारी (एप्रोप्रियट अथोरिटि) को रुपमा काम गर्ने,

(ण) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका कार्यविधि, मापदण्ड र आवश्यक शर्त (रिक्वायरमेण्ट्स) मा उल्लिखित उडान सुरक्षासँग सम्बन्धित व्यवस्थाको उल्लंघन गर्नेलाई तोकिए बमोजिम कारवाही गर्ने,

(त) नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरुसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदान प्रदानको व्यवस्था मिलाउने,

(थ) नेपाल सरकार तथा अन्य निकायबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(द) प्राधिकरणको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपबाट सञ्चालन गर्ने वा गराउने,

(ध) कुनै वायुयान, उपकरण, नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधाको सञ्चालन असुरक्षित तवरले भइरहेको वा हुन लागेको र सोबाट धनजनको क्षति पुग्न सक्ने पर्याप्त आधार देखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको सञ्चालनमा रोक लगाई आवश्यक छानविन गर्ने,

(न) समितिबाट प्रत्यायोजन गरिएका अधिकारको प्रयोग तथा दिइएका निर्देशन पालना गर्ने,

(प) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

३६. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) प्राधिकरणको अनुरोधमा नेपाल सरकारले संघीय निजामती सेवाको कुनै कर्मचारीलाई प्राधिकरणमा काम गर्न काजमा खटाउन सक्नेछ ।

(३) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवा, शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

३७. <u>योगदानमा आधारित उपदान कोष</u> : (१) यो ऐन प्रारम्भ भएपछि नियुक्त हुने प्राधिकरणका कर्मचारीको हकमा निज निवृत्त हुँदा पाउने सेवा, सुविधाको व्यवस्था गर्न योगदानमा आधारित उपदान कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको उपदान कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>विज्ञ नियुक्त गर्न सक्ने</u> : प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक परेमा स्वदेशी वा विदेशी विज्ञलाई सेवा करारमा नियुक्त गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "विज्ञ" भन्नाले विज्ञान, व्यवस्थापन, कानून, इन्जिनियरिङ्ग वा नागरिक उड्डयनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी विशेषज्ञता हासिल गरेको व्यक्ति सम्झनु पर्छ।

३९. कर्मचारी व्यवस्थापन: (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका स्थायी कर्मचारी प्राधिकरणमा रहन चाहेमा त्यस्ता कर्मचारीले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनको आधारमा मन्त्रालयले कर्मचारीको योग्यता, दक्षता, क्षमता, अनुभव र पदको कार्य प्रकृति समेतलाई दृष्टिगत गरी प्राधिकरणको स्वीकृत दरबन्दीमा पदस्थापन गर्न सक्नेछ।

(३) कुनै कर्मचारीले उपदफा (१) बमोजिम प्राधिकरणमा रहन निवेदन नदिएको भए तापनि कर्मचारीको योग्यता, दक्षता, क्षमता, अनुभव र पदको कार्य प्रकृति समेतको आधारमा मन्त्रालयले प्राधिकरणको स्वीकृत दरबन्दीमा पदस्थापन गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम पदस्थापन भएका कर्मचारीको यो ऐन प्रारम्भ हुनु अघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(५) उपदफा (२) र (३) बमोजिम प्राधिकरणमा पदस्थापना भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजले पाइरहेको पारिश्रमिक तथा सुविधामा घटी नहुने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

(६) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम पदस्थापन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजहरुले निवृत्तभरण वा उपदान मध्ये कुनै एक सुविधा रोज्न सक्नेछन्।

## परिच्छेद-१०

## शुल्क तथा नवीकरण

४०. शुल्क लिन सक्ने : प्राधिकरणले देहाय बमोजिमको शुल्क लिन सक्नेछः-

(क) यस ऐन बमोजिम जारी गरिने इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र, अनुमति, मान्यता वा स्वीकृतिपत्र बापतको शुल्क,

(ख) यस ऐन बमोजिम जारी हुने वा प्रदान गरिने इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र, अनुमति, मान्यता वा स्वीकृतिपत्रको नवीकरण बापतको शुल्क,

(ग) वायुयान दर्ता तथा दर्ता खारेज बापतको शुल्क,

(घ) हवाई यात्रुबाट लिइने उडान सुरक्षा बापतको शुल्क,

(ङ) इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र वा मान्यता वा स्वीकृतिपत्र जारी गर्न वा नवीकरण गर्न कुनै किसिमको स्वीकृति प्रदान गर्ने प्रयोजनको लागि परीक्षण वा निरीक्षण गरे बापतको शुल्क,

(च) सेवा प्रदायक संस्थाको कागजात, म्यानुअल, नक्सा, चार्ट आदि स्वीकृत वा प्रमाणित गरे वापतको शुल्क,

(छ) प्राधिकरणबाट प्रदान गरिने तोकिए बमोजिमका सेवा शुल्क, र

(ज) समयमा शुल्क नबुझाएकोमा तोकिए बमोजिम लाग्ने विलम्ब शुल्क।

४१. <u>इजाजतपत्र वा प्रमाणपत्र नवीकरण</u>ः यस ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र अनुमतिपत्र, मान्यतापत्र वा स्वीकृतिपत्रको नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-११

## <u>कोष तथा लेखा परीक्षण</u>

४२. <u>प्राधिकरणको कोषः</u> (१) प्राधिकरणको आफ्नो एउटा कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) दफा ४० बमोजिमको शुल्क बापत प्राप्त रकम,

(ख) प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा जमिन वा अन्य चल अचल सम्पत्तिको उपयोग गरे बापत प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था, बैंक वा व्यक्तिबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(घ) नेपाल सरकारको स्वीकृति लिई विदेशी सरकार, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण वा अनुदान बापत प्राप्त रकम,

(ङ) प्राधिकरणको कोषमा रहेको रकम लगानी गरे बापत प्राप्त रकम,

(च) दफा ४५ बमोजिम जरिवाना बापत प्राप्त रकम,

(छ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ज) प्राधिकरणबाट आर्जित अन्य आय ।

(३) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ ।

(४) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४३. <u>लेखा र लेखापरीक्षणः</u> (१) प्राधिकरणको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्राधिकरणको आन्तरिक लेखापरीक्षण प्राधिकरण आफैले गर्नेछ र अन्तिम लेखा परीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ।

## परिच्छेद-१२

## कसुर तथा सजाय

४४. कसूरः कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ :-

(क) दर्ता नभएको कुनै वायुयान नेपालमा उडान वा सञ्चालन गरेमा,

(ख) दर्ता गर्ने राष्ट्रबाट स्वीकृत राष्ट्रियता तथा दर्ता संकेत भन्दा फरक संकेत प्रयोग गरी नेपालमा वायुयान उडान वा सञ्चालन गरेमा,

(ग) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमतिपत्र नलिई वा त्यस्तो प्रमाणपत्र वा अनुमतिपत्रमा तोकिएको शर्त विपरीत हुने गरी वायुयान उडान वा सञ्चालन गरेमा,

(घ) प्राधिकरणले तोके बमोजिमका कागजात नराखी वायुयान उडान गरेमा,

(ङ) प्राधिकरणले तोके बमोजिमको वीमा नगरी वायुयान उडान गरेमा,

(च) मर्मत, सम्भार संस्थाको प्रमाणपत्र नलिई मर्मत संभार संस्था सञ्चालन गरेमा,

(छ) दक्षताको प्रमाणपत्र आवश्यक पर्नेमा त्यस्तो प्रमाणपत्र नभएको व्यक्तिलाई काममा लगाएमा वा दक्षताको प्रमाणपत्रमा उल्लेख भएका शर्त अनुसार काम नगरेमा,

(ज) यो ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्डको पालना नगरेमा वा उल्लङ्घन गरेमा,

(झ) प्राधिकरणले माग गरेको जानकारी वा सूचना उपलब्ध नगराएमा,

(ञ) सुरक्षात्मक व्यवस्थापन प्रणाली आवश्यक पर्ने संस्थाले प्राधिकरणले तोके बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,

(ट) उड्डयन सम्बन्धी घटना वा दुर्घटनाको जाँचबुझमा संलग्न व्यक्तिलाई बाधा अवरोध पुऱ्याएमा,

(ठ) प्राधिकरणले तोकेका निरीक्षक वा अधिकृतलाई सुपरीवेक्षण वा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा वा अवरोध गर्ने वा अनुचित प्रभाव पार्ने कार्य गरेमा,

(ड) प्राधिकरणले जारी गरेको वा मान्यता प्रदान गरेको इजाजतपत्र, प्रमाणपत्र, अनुमति वा स्वीकृति आवश्यक पर्ने काम कारवाही त्यस्तो इजाजतपत्र, प्रमाणपत्र, अनुमति वा स्वीकृति नलिई वा मान्यता प्राप्त नगरी गरेमा,

(ढ) कार्य समयको सीमा तोकिएकोमा सोको उल्लङ्घन हुने गरी वायुयान सञ्चालन गरेमा वा अन्य कुनै कार्य गरेमा,

(ण) झूठ्ठा इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिका आधारमा सेवा सञ्चालन गरेमा,

(त) प्राधिकरणले दिएको उडान सुरक्षा सम्बन्धी आदेश पालना नगरेमा,

(थ) आवश्यक प्रमाणपत्र नभई वा प्राधिकरणले तोकिदिएको शर्त विपरीत एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,

(द) एयर नेभिगेशन सेवामा बाधा अबरोध हुने गरी कुनै यन्त्र, उपकरण वा सञ्चार उपकरण सञ्चालन गरेमा वा प्राधिकरणले तोकेबमोजिम त्यस्तो उपकरणको सञ्चालन बन्द नगरेमा ।

४५. सजायः कसैले दफा ४४ बमोजिमको कसुर गरेमा निजलाई महानिर्देशकले देहाय बमोजिमको सजाय गर्न सक्नेछः-

(क) खण्ड (क) र (ख) को कसुरमा दश लाख रुपैयाँ देखि तीस लाख रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ठ) र (ड) को कसुरमा एक लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ढ), (ण), (त), (थ) र (द) को कसुरमा दश हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना।

४६. पुनरावेदन : दफा ४५ बमोजिम महानिर्देशकले गरेको सजाय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-१३

## विविध

४७. अन्य संस्थामा आवद्ध हुन नहुने : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक र कर्मचारी प्राधिकरणको सेवाबाट जुनसुकै कारणले अलग भएको मितिदेखि दुई वर्षसम्म प्राधिकरणले नियमन गर्ने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवद्ध हुन पाउने छैन।

४८. वार्षिक प्रतिवेदन : प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४९. नेपाल सरकारसँग सम्पर्कः प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

५०. सरकारी बाँकी सरह असूल गर्न सकिनेः (१) प्राधिकरणलाई बुझाउनु पर्ने शुल्क तथा भाडा तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम थप शुल्क तथा भाडा असुल गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क तथा भाडा नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले त्यस्तो शुल्क तथा भाडा सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

५१. भाग लिन वा हिस्सेदार हुन नपाउने : प्राधिकरणको अध्यक्ष, सदस्य, महानिर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोवार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन पाउने छैन ।

५२. शपथः नेपाल सरकारबाट नियुक्त अध्यक्षले मन्त्री समक्ष तथा सदस्य र महानिर्देशकले अध्यक्ष समक्ष पदमा बहाल गर्नु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

५३. अधिकार प्रत्यायोजनः (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, महानिर्देशक वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) महानिर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राधिकरण अन्तर्गतका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५४. निर्देशन दिन सक्नेः नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

५५. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य प्रचलित कानूनको समेत उल्लङ्घन हुने भएमा त्यस्तो प्रचलित कानून बमोजिम समेत मुद्दा चलाउन बाधा पर्ने छैन ।

५६. सम्पत्ति तथा दायित्व सर्नेः यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका घर, जग्गा र सम्पत्तिमध्ये प्राधिकरणलाई आवश्यक पर्ने भनी नेपाल सरकारले तोकि दिएका घर, जग्गा र सम्पत्ति प्राधिकरणमा सर्नेछ।

५७. नियम बनाउने अधिकारः (१) यस ऐनको कार्यान्वयनको लागि प्राधिकरणले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले बनाएका नियमहरु नेपाल सरकारबाट स्वीकृत भए पछि लागू हुनेछन् ।

तर कर्मचारी प्रशासन, आर्थिक प्रशासन तथा खरिद सम्बन्धी नियमहरु मन्त्रालयबाट स्वीकृत भए पछि लागू हुनेछन्।

(३) उपदफा (१) बमोजिमको नियम कार्यान्वयन गर्दा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५८. खारेजी र बचाउः (१) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ खारेज गरिएको छ ।

(२) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अन्तर्गत भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची

(दफा ५२ सँग सम्बन्धित)

<u>शपथ</u>

म .......... सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा सपथ लिन्छु कि नेपाल नागरिक उड्डयन प्राधिकरणको अध्यक्ष/ सदस्य/ महानिर्देशकको पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी अनुशासनमा रही नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०७६ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

| <u>सपथ ग्रहण गर्नेको</u> | <u>सपथ ग्रहण गरेको प्रमाणित गर्नेको</u> |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| | कार्यालयः |